# स्थानीय राजपत्र

हरिनास गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ९) चित्रेभञ्ज्याङ्ग, स्याङ्जा, असार १९ गते, २०८२ साल (संख्या १

# भाग २

## हरिनास गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### चित्रेभञ्ज्याङ्ग, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

## हरिनास गाउँपालिकाद्धारा सर्वसाधरणको लागि प्रकाशित सूचना।

**हरिनास गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको हरिनास गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सर्वसाधरणको लागि प्रकाशन गरिएको छ।**

## हरिनास गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावनाः** यस हरिनास गाउँपालिकाको खाद्य तथा पोषण सुरक्षाको सुचिश्चितता गर्न र कृषि उपजको आयात प्रतिस्थापन गरी आत्मनिर्भर उन्मुख कृषिको आधुनिकीकरण, यान्त्रिकरण र व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारीका अवसरहरु सृजना गर्न स्थान विशेष भौगोलिक अवस्थिति, हावापानी, उपलब्ध स्रोत साधनको उपयोग गर्दै कृषि उपजको तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि आवश्यक

रहेको छ। सोही सन्दर्भमा हरिनास गाउँपालिकाको गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रमहरुलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न हरिनास गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ को दफा ३६ बमोजिम हरिनास गाउँपालिका, गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "हरिनास गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँसभा" भन्नाले हरिनास गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले हरिनास गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

ग) "अध्यक्ष" भन्नाले हरिनास गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

घ) "उपाध्यक्ष" भन्नाले हरिनास गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हरिनास गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) "वडा अध्यक्ष" भन्नाले हरिनास गाउँपालिका अन्तर्गतका वडा अध्यक्षहरुलाई सम्झनु पर्दछ।

छ) "गाउँपालिका" भन्नाले हरिनास गाउँपालिका सम्झनु पर्दछ।

ज) "कार्यालय" भन्नाले हरिनास गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

झ) "वडा कार्यालय" भन्नाले हरिनास गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु सम्झनु पर्दछ।

ञ) "कृषि विकास शाखा" भन्नाले हरिनास गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्दछ।

ट) "पशु सेवा शाखा" भन्नाले हरिनास गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ।

ठ) "विषयगत शाखा" भन्नाले हरिनास गाउँपालिका भित्र रहेका विभिन्न विषयगत शाखाहरु सम्झनु पर्दछ।

ड) "प्राविधिक" भन्नाले हरिनास गाउँपालिका कृषि विकास शाखा र पशु सेवा शाखामा कार्यरत प्राविधिक कर्मचारीहरु वा सो विषयमा ज्ञान हाँसिल गरेका प्राविधिकहरुलाई सम्झनु पर्दछ।

ढ) "नागरिक" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषि तथा पशुपालन पेशामा संलग्न कृषक, कृषि समूह/सहकारी सदस्यहरु, व्यवसायीक कृषि/पशुपन्छी फर्मका सञ्चालकहरुलाई सम्झनु पर्दछ।

३. <u>उद्देश्यः</u> गाउँपालिका कृषि तथा पशुपन्छी विकासका देहायका उद्देश्यहरु रहेका छन्:

क) नश्लसुधार तथा बीउ बिजन प्रवर्द्धन, गुणस्तरीय कृषि/पशुपन्छी/मत्स्य उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

ख) बाली/वस्तु प्रवर्द्धन, आयत प्रतिस्थापन, निर्यात प्रवर्द्धन र आत्मनिर्भर बनाउने।

ग) निर्वाहमूखी कृषि तथा पशुपन्छी पालनमा लागेका नागरीकहरुलाई व्यवसायीकता तर्फ आकर्षित गर्दै आर्थिक विकास गर्ने।

घ) नागरिकलाई कृषि तथा पशुपन्छी व्यवसाय मार्फत रोजगारीको सृजना गरी गरिबी निवारण गर्ने।

ङ) प्रविधि विस्तार, हस्तान्तरण, सफल अवधारण अनुशरण र प्रदर्शन गर्ने।

च) गाउँको कृषि उपजहरुको निर्यातको लागि सहजीकरण तथा समन्वय गर्ने।

छ) गाउँपालिका भित्रका नागरिकहरुलाई आवश्यक प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउने।

ज) राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्था, नीजि, सहकारी तथा अन्य सरोकारवालाहरु क्षेत्रको सहभागिता, सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने।

## परिच्छेद २
## सरोकारवाला निकायहरुको भूमिका

४. <u>सरोकारवाला निकायहरुको भूमिकाः</u> यस कार्यविधि अनुसारका कार्यक्रमहरुको सञ्चालनमा सरोकारवालाहरुको भूमिका देहाय बमोजिमको हुनेछः

**४.१ कार्यपालिकाको भूमिकाः**

कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यकता अनुसार नीतिगत मार्गदर्शन र बजेट विनियोजनका लागि गाउँसभामा पेश गर्ने, कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा कार्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन गर्ने।

**४.२ कार्यालयको भूमिकाः**

क) स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापदण्ड/सूचकहरुको आधारमा प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गर्ने।

ख) यस कार्यविधि अनुसारका कार्यक्रमहरुको सञ्चालन गर्दा प्राविधिकहरुको समन्वयमा गर्ने/गराउने।

ग) सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए/नभएको अनुगमन गर्ने/गराउने।

घ) कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन पश्चात कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने।

ङ) प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने र राख्न लगाउने।

च) कार्यक्रममा दोहोरोपना आउन नदिन र उपलब्ध अनुदानको सदुपयोग भए/नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गर्ने।

छ) प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने विभिन्न नियमहरुको पालना गर्ने/गराउने र अन्तिम लेखा परिक्षण गराउने।

### ४.३ नागरिकको भूमिकाः

क) नागरिकले कार्ययोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समयसीमा भित्र पेश गर्ने।

ख) जुन कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा मात्र अनुदान प्रयोग गर्ने।

ग) सम्झौतामा उल्लेख भए बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने।

### ४.४ वडा कार्यालयको भूमिकाः

क) कार्यालयबाट सञ्चालित कार्यक्रमको प्रभावकारीरुपमा सञ्चालनार्थ समन्वयकारी भूमिका निर्वाह गर्ने।

ख) आवेदनहरु संकलन गरी कार्यालयमा सिफारीस गर्ने।

ग) कार्यालयबाट माग भएका तथ्याङ्क तथा अन्य विवरण उपलब्ध गराउनका लागि आवश्यक सहजीकरण गर्ने।

## परिच्छेद ३
## सञ्चालन गरिने कार्यक्रमहरु

**५) कृषि विकास कार्यक्रमको विवरणः** बार्षिक कार्यक्रम तथा बजेटको अधिनमा रहि देहाय बमोजिमका कार्यक्रमहरु कार्यालयबाट सञ्चालन हुनेछन।

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| १. | बाली प्रवर्द्धन कार्यक्रम | • खाद्यान्न, दलहन, तेलहन र औधोगिक तथा मसलाबालीहरुको उत्पादन सामाग्रीहरु (बीउ, खाद्यतत्वहरु, रोगकिरा व्यवस्थापन सामाग्रीहरु),<br>• क्षेत्र विस्तार तथा सुदृढीकरण,<br>• यन्त्र उपकरण, | • कृषक/कृषि फर्मको हकमा न्यूनतम ३ रोपनी, कृषक समूह/सहकारीको हकमा न्यूनतम ३० रोपनीमा खेती गरेको। | • कुल लागतको अधिकतम ५० प्रतिशत। |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | • बाली व्यवस्थापन (Intercultural operations) कार्यहरु,<br>• बजारीकरण (क्रेट, बोरा, प्याकेजिङ सामाग्री, लेवलिङ लगायत) सहयोग<br>• पोष्ट हार्भेष्ट तथा खाद्य विविधिकरण कार्यहरु। | | |
| २. | घुम्ती शिविर (माटो परिक्षण तथा बाली उपचार) सञ्चालन | • प्रचार-प्रसार, नमूना संकलन तथा अभिमुखिकरण,<br>• माटो परीक्षणमा आवश्यक सामाग्रीहरु खरिद,<br>• बाली उपचार शिविरमा आवश्यक जैविक तथा वानस्पतिक विषादी, विभिन्न पासोहरु, विषादी प्रयोग गर्दा आवश्यक पर्ने सुरक्षित पहिरन लगायतका सामाग्रीहरु खरिद तथा वितरण,<br>• माटो परिक्षण तथा बालीका शत्रुजीव सम्वन्धी पोष्टर छपाई तथा सो सम्बन्धी प्रस्तुतिकरण,<br>• प्राविधिक तथा सहयोगी/वैठक /दैनिक भत्ता, व्यानर, खाना/खाजाको व्यवस्थापन, यातायात, स्टेश्नरी, अनुगमन तथा मूल्याङ्कन।<br>• कार्यक्रमको अभिलेखिकरण गरी सोको प्रतिवेदन कार्यालयमा पेश गर्ने। | • शिविर कम्तीमा १ दिन सञ्चालन गर्नुपर्ने,<br>• शिविर सञ्चालन गर्ने स्थानको छनौट कृषि विकास शाखाले प्राविधिक सम्भाव्यता र आवश्यकताको आधारमा गर्ने,<br>• शिविर सञ्चालन कार्यालय आफै गर्ने वा अन्य निकायका विज्ञको समन्वयमा गर्न सक्ने,<br>• माटो परिक्षण पछि प्राप्त नतिजा अनुसार कृषि चुन वा जिप्सन निःशुल्क वितरण गर्न सकिनेछ। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी निःशुल्क सञ्चालन गर्ने। |
| ३. | तरकारी बाली प्रवर्द्धन कार्यक्रम | • हिउँदे तथा वर्षे तरकारी बालीहरुको उत्पादन सामाग्रीहरु (बीउ, खाद्यतत्वहरु, रोगकिरा व्यवस्थापन सामाग्रीहरु),<br>• क्षेत्र विस्तार तथा सुदृढीकरण, | • कृषक/कृषि फर्म को हकमा न्यूनतम २ रोपनी, कृषक समूह/सहकारीको हकमा न्यूनतम २० रोपनीमा खेती गरेको। | • प्लाष्टिक टनेल र करेसावारी मात्र अधिकतम ७५ प्रतिशत,<br>• अन्य सम्पूर्ण कार्यको लागि |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | • करेसावारी तथा वेमौसमी तरकारी खेती सम्बन्धी सम्पूर्ण कार्यहरु,<br>• यन्त्र उपकरण, थोपा सिंचाई, नर्सरी ट्रे, मल्चिङ प्लाष्टिक लगायत,<br>• बाली व्यवस्थापन (Intercultural operations) कार्यहरु,<br>• बजारीकरण (क्रेट, बोरा, प्याकेजिङ सामाग्री, लेवलिङ लगायत) सहयोग<br>• प्लाष्टिक टनेल मात्र<br>• पोष्ट हार्भेष्ट तथा खाद्य विविधिकरण कार्यहरु। | | अधिकतम ५० प्रतिशत । |
| ४. | कृषक क्षमता विकास कार्यक्रम | • मागमा आधारित बाली, वागवानी, बाली संरक्षण, माटो विज्ञान, कृषि ईन्जिनियरिङ, कृषि उत्पादनोप्रान्त लगायत तालिम सञ्चालन,<br>• आवश्यक तालिम सामाग्रीहरु (व्यानर, स्टेश्नरी, प्राविधिक सामाग्रीहरु इत्यादी) खरिद तथा वितरण,<br>• प्रविधि हस्तान्तरण,<br>• प्रशिक्षक भत्ता, खाना/खाजा, यातायात र आवसीय तालिम व्यवस्थापन,<br>• अनुगमन तथा मूल्याङ्कन। | • मागमा आधारीत तालिम स्थान तथा शिर्षक छनौट वडा कार्यालयको समन्वयमा गर्नुपर्ने,<br>• कम्तिमा १५ जना कृषकहरुको उपस्थिति हुनुपर्ने,<br>• कृषकहरुको आवश्यकता र कार्यालयले लागत अनुसार अन्य सम्बन्धित कार्यालयहरुको समन्वयमा आन्तरिक वा वाह्य आवसीय तालिम सञ्चालन गर्न सक्नेछ,<br>• तालिम समयावधि आवश्यकता अनुसार हुनेछ। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी निःशुल्क सञ्चालन गर्ने,<br>• गाउँपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि अनुसार खर्च गर्नुपर्ने। |
| ५. | फलफूल बगैंचा स्थापना तथा व्यवस्थापन कार्यक्रम | • हिउँदे तथा वर्षे फलफूल बालीहरुको उत्पादन सामाग्रीहरु (बेर्ना, खाद्यतत्वहरु, रोगकिरा व्यवस्थापन सामाग्रीहरु),<br>• यन्त्र उपकरण, थोपा सिंचाई, नर्सरी सामाग्रीहरु, मल्चिङ प्लाष्टिक लगायत, | • कृषक/कृषि फर्मको हकमा न्यूनतम २ रोपनी, कृषक समूह/सहकारीको हकमा न्यूनतम २० रोपनीमा खेती गरेको।<br>• फलफूल बालीको नयाँ बगैंचा स्थापना तथा क्षेत्र विस्तार कार्यको लागि फलफूल तथा | • कुल लागतको अधिकतम ५० प्रतिशत। |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | • क्षेत्र विस्तार तथा सुदृढीकरण,<br>• बगैंचा व्यवस्थापन (Intercultural operations) कार्यहरु,<br>• पोष्ट हार्भेष्ट तथा खाद्य विविधिकरण कार्यहरु,<br>• बजारीकरण (क्रेट, बोरा, प्याकेजिङ सामाग्री, लेवलिङ लगायत) सहयोग। | जात अनुसारको लागि सिफारीस गरिएको साइजको खाडल खनेको हुनुपर्ने। | |
| ६. | कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | • कार्यालयले सूचना प्रकाशन गरी कृषकहरु छनौट गर्ने,<br>• नेपाल कृषि अनुसन्धान परिषद द्धारा विकासित तथा व्यवसायिक रुपबाट उत्पादित कृषि औजार/उपकरणहरु खरिद तथा वितरण,<br>• स्पेशिफिकेशन तथा भेरिफिकेशनका लागि विज्ञ जनशक्ति व्यवस्थापन,<br>• अनुगमन तथा मूल्याङ्कन। | • कृषक, कृषि फर्म/समूह/ सहकारीहरु सहभागी हुन सक्नेछन्,<br>• व्यवसायिक खेती गरेको हुनुपर्ने।<br>• खरिद गरिने यन्त्र उपकरणको स्पेशिफिकेशन सम्बन्धित कार्यालबाट वा विषय विज्ञ व्यवस्थापन गरी स्वीकृत गराउनुपर्ने। | • कुल लागतको अधिकतम ५० प्रतिशत। |
| ७. | बाली संरक्षण सेवा कार्यक्रम | • कार्यालयले स्प्रेयर, जैविक तथा गैर रासायनिक बिषादी, बाली संरक्षण कार्यमा प्रयोग हुने सामाग्रीहरु खरिद गरी समस्या निदान तथा वितरण,<br>• जैविक तथा अजैविक कारण समस्या परेका बालीहरुको प्रयोगशालामा परिक्षण गर्न लाग्ने शुल्कमा सहयोग<br>• आकस्मिक रोग तथा किरा देखा परेमा रासायनिक विषादी खरिद तथा वितरण गर्न सक्ने,<br>• अनुगमन, मूल्याङ्कन र प्रतिवेदन | • कृषि विकास शाखाले नियमित रुपमा रोगकिरा तथा अजैविक कारणहरुबाट समस्याग्रस्त क्षेत्रमा वा व्यवसायिक कृषकको बाली तथा विरुवामा देखा परेका समस्या निदान तथा व्यवस्थापनका कार्य सञ्चालन गर्न सकिने,<br>• जैविक तथा अजैविक कारण समस्या परेका बालीहरुको प्रयोगशालामा परिक्षण गर्न लाग्ने शुल्कमा सहयोगका लागि एक व्यक्तिले वर्षमा एक पटक मात्र शुल्क सहयोग वडा कार्यालयको सिफारिस पत्र, फिल्ड अनुगमन, प्रयोगशालाको प्रतिवेदन, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी अधिकतम १०० प्रतिशतमा सञ्चालन गर्ने।<br>• जैविक तथा अजैविक कारण समस्या परेका बालीहरुको प्रयोगशालामा परिक्षण गर्न लाग्ने शुल्कमा सहयोग एक व्यक्तिलाई अधिकतम रु |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | | लगायत अन्य आवश्यक कागजातहरुको आधारमा उपलब्ध गराइनेछ। | ५,००० /- मात्र। |
| ८. | माटो व्यवस्थापन कार्यक्रम | • माटो परिक्षण सामाग्रीहरु खरिद,<br>• माटो परिक्षण मिनि प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन,<br>• माटो नमूना संकलन,<br>• प्रचार प्रसार तथा अभिमुखिकरण,<br>• भकारो/गोठेमल/कम्पोष्ट मल सुधार,<br>• माटो व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि,<br>• बोकासी/भर्मि कम्पोष्ट उत्पादन सहयोग,<br>• माटो उपचारका लागि कृषि चुन, जिप्सम र अन्य सामाग्री खरिद वितरण,<br>• दैनिक/बैठक भत्ता व्यवस्थापन,<br>• हरियो मल उत्पादन तथा प्रयोगका लागि बीउमा सहयोग<br>• माटोमा सन्तुलित खाद्यतत्व व्यवस्थापन सम्बन्धी अन्य क्रियाकलापहरु। | • कृषि विकास शाखाले कृषकहरुको मागमा आधारित स्थानहरुबाट माटोको नमूना संकलन गरी परिक्षण गर्ने,<br>• माटो व्यवस्थापन सम्बन्धी १ दिने अभिमुखिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन,<br>• भकारो/गोठेमल/कम्पोष्ट मल सुधारका लागि मूत्र संकलन, टंकी निर्माण, मलखादमा छानो व्यवस्थापनका लागि कम्तीमा २ वटा खाडल हुनुपर्ने,<br>• हरियोमल उत्पादनका लागि कम्तिमा १ रोपनी जग्गा हुनुपर्ने।<br>• माटो परिक्षण पछि प्राप्त नतिजा अनुसार कृषि चुन वा जिप्सन निःशुल्क वितरण गर्न सकिनेछ।<br>• माटो परिक्षण पश्चात Soil Health Card अनुसूची ७ बमोजिम प्रदान गर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी अधिकतम १०० प्रतिशत। |
| ९. | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | • रैथाने बालीहरुः जस्तै कागुनो, जौ, कोदो, चिनो, लट्टे, सिमि, फापर, सामा, उवा, जुनेलो, रैथाने धान, लट्टे लगायतका रैथाने बालीहरुको उत्पादन सामाग्रीहरु (बीउ, | • कृषक/कृषि फर्म को हकमा न्यूनतम २ रोपनी, कृषक समूह/सहकारीको हकमा न्यूनतम २० रोपनीमा खेती गरेको। | • कुल लागतको अधिकतम ९० प्रतिशत। |

<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रम</th><th>क्रियाकलापहरु</th><th>मापदण्ड</th><th>खर्च सिमा</th></tr>
<tr><td></td><td></td><td>खाद्यतत्वहरु, रोगकिरा व्यवस्थापन सामाग्रीहरु),<br>• क्षेत्र विस्तार तथा सुदृढीकरण,<br>• साना यन्त्र उपकरण,<br>• बाली व्यवस्थापन कार्यहरु (Intercultural operations)<br>• बजारीकरण (क्रेट, बोरा, प्याकेजिङ सामाग्री, लेवलिङ लगायत) सहयोग<br>• पोष्ट हार्भेष्ट तथा खाद्य विविधिकरण कार्यहरु।</td><td></td><td></td></tr>
<tr><td>१०.</td><td>मौरीपालन तथा च्याउ खेती प्रवर्द्धन कार्यक्रम</td><td>• च्याउ बीउ, सुक्ष्म तत्व, रोगकिरा व्यवस्थापन समाग्रीहरु, यन्त्र उपकरण, लगायत अन्य उत्पादन सामाग्रीहरु खरिद,<br>• मौरी घार, मौरी गोला लगायत मौरीपालन सम्बन्धी अन्य सामाग्रीहरु, यन्त्र उपकरणहरु खरिद,<br>• मौरी तथा च्याउ सम्बन्धी प्रशोधन, बजारीकरण, लगायत अन्य सामाग्रीहरु खरिद,<br>• पोष्ट हार्भेष्ट तथा खाद्य विविधिकरण कार्यहरु,<br>• च्याउ घर निर्माण सहयोग।</td><td>• कम्तिमा ५ वटा घारमा मौरीपालन र २० के जी च्याउको बीउ (Spawn) र ५० ओटा मुढामा सिताके च्याउ खेती भएको।</td><td>• मौरी तथा च्याउ उत्पादन, प्रशोधन, बजारीकरण सामाग्रीहरुमा कुल लागतको अधिकतम ५० प्रतिशत,<br>• च्याउ घर निर्माण सहयोग अधिकतम ७५ प्रतिशत।</td></tr>
<tr><td>११.</td><td>बीउ आत्मनिर्भर कार्यक्रम</td><td>• उत्पादन सामाग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, सुक्ष्म खाद्यतत्व खरिद,<br>• बाली संरक्षण सामाग्रीहरु,<br>• प्याकेजिङ सामाग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद,<br>• क्षेत्र विस्तार तथा सुदृढीकरण,<br>• आवश्यकताको आधारमा रासायनिक विषादी खरिद।</td><td>• बीउ आत्मनिर्भर कार्यक्रमका लागि न्यूनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्नेः<table><tr><td>बीज वृद्धि</td><td>क्षेत्रफल (रोपनी)</td></tr><tr><td>तरकारी बीउ</td><td>२</td></tr><tr><td>लसुन तथा प्याज बीउ</td><td>२</td></tr><tr><td>खाद्यान्न बाली बीउ</td><td>५</td></tr><tr><td>दलहन/तेलहन बीउ</td><td>२</td></tr></table></td><td>• कार्यालयले लागत अनुमान स्वीकृत गरी अधिकतम ७५ प्रतिशत।</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रम</th><th>क्रियाकलापहरु</th><th>मापदण्ड</th><th>खर्च सिमा</th></tr>
<tr><td></td><td></td><td>• बीउ विजन उत्पादन, प्रशोधन तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन।</td><td><table><tr><td>आलु बीउ (पि.वि.एस.)</td><td>७०० दाना</td></tr><tr><td>आलु बीउ (अन्य स्तर)</td><td>१०</td></tr></table>• एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने,<br>• सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने,<br>• बीउ विजन कारोबार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने,<br>• स्रोत बीउ आधिकारीक निकायबाट खरिद गरेको हुनुपर्ने।</td><td></td></tr>
<tr><td>१२.</td><td>कृषक प्राविधिक भेटघाट कार्यक्रम</td><td>• कृषक समुदायमा पुगी कृषक समुदायसँग प्रविधि विस्तार, प्राविधिक समस्या, प्राविधिक सल्लाह, पृष्ठपोषण लगायतका विषयवस्तुमा छलफल कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कृषकहरुको आवश्यकता अनुसार उत्पादन सामाग्रीहरु (बीउ, बेर्ना, नर्सरी सम्बन्धी सामाग्रीहरु, साना यन्त्र उपकरणहरु, सुक्ष्म तत्वहरु, जैविक विषादीहरु खरिद गरी वितरण गर्नसक्ने।<br>• दैनिक भत्ता, खाजा खर्च, अनुगमन तथा मूल्याङ्कन।</td><td>• मासिक कम्तिमा १ पटक फरक फरक स्थानको कृषक समुदायमा पुग्नुपर्ने,<br>• कृषक समूह/सहकारीमा कार्यक्रम सञ्चालन गर्न सक्ने,<br>• प्रति कृषक अधिकतम रु ३,०००/- सम्मको उत्पादन सामाग्रीहरु वितरण गर्न सक्ने।</td><td>• कार्यालयले लागत अनुमान स्वीकृत गरी निःशुल्क सञ्चालन गर्ने,<br>• छलफलमा सहभागिहरुलाई खाजा खर्च लगायतका कार्यको लागि प्रति कार्यक्रम अधिकतम रु ५ हजार सम्म खर्च गर्न सक्ने।</td></tr>
<tr><td>१३.</td><td>IPM कृषक पाठशाला सञ्चालन</td><td colspan="3">• बालीजन्य (Agronomical crops) तथा वागवानीजन्य (Horticultural crops) बालीहरुको एकिकृत शत्रु जीव व्यवस्थापन (IPM) कृषक पाठशाला कार्यक्रमको प्राविधिक मापदण्ड संघीय कानून बमोजिम सञ्चालन गर्ने र कार्यक्रमको आर्थिक पक्षको हकमा गाउँपालिकाको आन्तरीक नियन्त्रण कार्यविधि, २०८० बमोजिम लागत अनुमान तयार गरी निःशुल्क सञ्चालन गर्ने।</td></tr>
</table>

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| १४. | सिंचाई सहित कृषि विकास कार्यक्रम | • थोपा सिंचाई, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर लगायत सिंचाई सामाग्रीहरु खरिद,<br>• सिंचाई कुलो/पोखरी, बोरिङ्ग, लिफ्ट सिंचाई, निर्माण तथा मर्मत एवं सुधार,<br>• प्राविधिक लागत अनुमान तथा नापी किताब तयार,<br>• अनुगमन तथा मूल्याङ्कन। | • कृषक/कृषि फर्म/पशु फर्म/ कृषक समूह/सहकारी/ जल उपभोक्ता समिति सहभागी हुने,<br>• निजिको हकमा न्यूनतम ५ रोपनी क्षेत्रफल र समुदायको हकमा ४० रोपनी सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकाहरुलाई प्राथमिकता दिने,<br>• विपन्न वर्गलाई प्राथमिकता दिने,<br>• कार्यालयले पूर्वाधार विकास शाखाको सहयोगमा लागत अनुमान तथा मूल्याङ्कन स्वीकृत गर्ने। | • सिंचाई कुलो /पोखरी, लिफ्ट सिंचाई र बोरिङ्ग अधिकतम ९० प्रतिशत,<br>• अन्य सम्पूर्ण सिंचाई प्रणालीमा अधिकतम ५० प्रतिशत। |
| १५. | चिया तथा कफि उत्पादन, प्रशोधन र बजारीकरण | • चिया/कफि क्षेत्र विस्तार गर्नका लागि आवश्यक बेर्ना तथा अन्य उत्पादन सामाग्रीहरु<br>• चिया तथा कफि प्रशोधन उपकरण,<br>• ग्रेडिङ, प्याकेजिङ तथा लेबलिङ्ग सामाग्री,<br>• चिया तथा कफि सेड व्यवस्थापन,<br>• पोष्ट हार्भेष्ट कार्यहरु,<br>• प्रशोधन तथा बजारीकरण सहयोगका लागि अन्य सामाग्रीहरु। | • चिया तथा कफि उत्पादन तथा प्रशोधन उद्देश्य लिइ प्रचलित नियमानुसार दर्ता भएको संस्था हुनुपर्ने,<br>• एकल वा सामुहिक रुपमा खेती गर्न सकिने,<br>• कम्तीमा २ रोपनी क्षेत्रफलमा चिया/कफि लगाएको हुनुपर्ने, | • कुल लागतको अधिकतम ५० प्रतिशत। |
| १६. | कृषि पूर्वाधार निर्माण कार्यक्रम | • कृषि पूर्वाधारहरु जस्तैः प्लाष्टिक घर निर्माण, ग्रिन हाउस, सेड हाउस, प्लाष्टिक पोखरी निर्माण/मर्मत, कृषि भण्डारण संरचना निर्माण लगायत अन्य इत्यादी, | • कृषक/कृषि फर्म/पशु फर्म/ कृषक समूह/सहकारी/ सहभागी हुने,<br>• कृषि संकलन केन्द्र निर्माण तथा सञ्चालन सम्बन्धी प्राविधिक मापदण्ड संघीय कानून बमोजिम हुने। | • कृषि पूर्वाधार निर्माणको लागि अधिकतम ८५ प्रतिशत सम्म।<br>• कृषि संकलन केन्द्र निर्माण |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | • कृषि संकलन केन्द्र निर्माण तथा सञ्चालन। | | अधिकतम ९० प्रतिशत। |
| १७. | तथ्याङ्क संकलन तथा व्यवस्थापन कार्यक्रम | • छनौट गरिएको नमूना क्षेत्रमा बाली कटानी तथा छुट्टाछुट्टै तथ्याङ्क संकलन गर्ने,<br>• गाउँपालिका भित्रको कृषि तथा पशुपन्छी सम्बन्धी एकिकृत रुपमा तथ्याङ्क संकलन गर्ने,<br>• प्रमुख बालीवस्तुको बजार मूल्य सूची संकलन,<br>• तथ्याङ्कको अभिलेख राख्ने, तथ्याङ्क विश्लेषण गर्ने,<br>• कृषकहरुलाई क्षतिपूर्ति खर्च र प्राविधिक पारिश्रमिक तथा खाजा खर्च व्यवस्थापन। | • मौसम अनुसार बालीहरुको कटानी गरी उत्पादकत्व मापन गर्न कार्यालयले लागत अनुमान स्वीकृत गर्ने,<br>• सिंचित र असिंचित उत्पादन क्षेत्रको छुट्टाछुट्टै प्रतिनिधित्व हुने गरी बाली कटानी गर्ने क्षेत्रहरुको एकिन गर्ने,<br>• कृषि तथा पशुपन्छी तथ्याङ्क Randomized विधिबाट गर्नुपरेमा एक वडामा कम्तिमा ५० घरधुरीबाट नमूना लिनुपर्ने। | • बाली कटानी गर्दा कृषकहरुलाई क्षतिपूर्ति र ज्याला खर्च वापत प्रति बाली कटानी रु १,००० र प्राविधिक पारिश्रमिक खर्च वापत एक दिनको रु १,५००/- खर्च गर्न सकिने। |
| १८. | बीउ/बेर्ना वितरण कार्यक्रम | • मौसम अनुसार मागमा आधारित बालीजन्य तथा वागवानीजन्य बालीहरुको बीउ/बेर्ना खरिद गरी वितरण गर्ने, | • कृषक/कृषि फर्म/ कृषक समूह/सहकारी/ सहभागी हुने।<br>• बेर्ना वितरण कार्यक्रममा छनौट भएका नागरीकहरुले बालीको जात अनुसारको लागि सिफारीस गरिएको आकारको खाडल खनेको हुनुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी अधिकतम ५० प्रतिशत। |
| १९. | वृक्षारोपण तथा रिचार्ज पोखरी निर्माण कार्यक्रम | • वृक्षारोपण तथा रिचार्ज पोखरी निर्माणका लागि जनचेतनामूलक अभिमूखिकरण, प्रचार प्रसार,<br>• सामुदायिक वनजंगल तथा खाली भूभागमा कोसे रुखहरु, जडिबुटी तथा फलफूलहरुको विरुवा वृक्षारोपण गर्न बेर्ना खरिद, वृक्षारोपण कार्यक्रम खाजा/पानी व्यवस्थापन,<br>• रिचार्ज पोखरी निर्माण लागत अनुमान, नापी किताब तथा दैनिक ज्याला व्यवस्थापन | • सम्बन्धित सरोकारवालाहरुको सामन्वयमा वृक्षारोपण तथा रिचार्ज पोखरी निर्माण स्थल छनौट गर्नेपर्ने,<br>• सामुदायिक वनजंगल तथा खाली भू-भागमा कोसेरुखहरु, जडिबुटी तथा फलफूलको विरुवाहरु वृक्षारोपण गर्न विजु वा कलमी बेर्नाहरु खरिद गरी एकपटकमा कम्तिमा १० रोपनी क्षेत्रफलमा कार्यक्रम सञ्चालन गर्नुपर्ने, | • कार्यालये लागत अनुमान स्वीकृत गरि कार्यक्रम निःशुल्क सञ्चालन गर्ने,<br>• एक ओटा रिचार्ज पोखरी निर्माण गर्न अधिकतम रु ७०,०००/- बजेट विनियोजन गर्न सकिने। |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | • दैनिक भ्रमण भत्ता, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन | • पूर्वाधार विकास शाखाका कर्मचारीहरुको समन्वयमा लागत अनुमान तथा नापी किताब तयार गरी रिचार्ज पोखरी निर्माण गर्नुपर्ने। | |
| २०. | बहुउद्देश्यीय नर्सरी स्थापना/ व्यवस्थापन कार्यक्रम | • तरकारी, पुष्प, जडीबुटी तथा फलफूल बालीहरुको बेर्ना उत्पादन, <br>• नर्सरी सम्बन्धी भौतिक संरचना निर्माण/मर्मत, <br>• साना कृषि मेशिनरी औजार तथा उपकरण, <br>• कार्यालयले आफ्नो जग्गामा बहुउद्देश्यीय नर्सरी स्थापना तथा सञ्चालन, <br>• नर्सरीका लागि आवश्यक उत्पादन सामाग्रीहरु खरिद, <br>• नर्सरी सम्धन्धी तालिम सञ्चालन, <br>• अनुगमन तथा निरीक्षण। | • कृषक/कृषि फर्म/ कृषक समूह/सहकारी/ सहभागी हुने, <br>• कार्यक्रममा सहभागी हुन कम्तिमा १ ओटा नर्सरी संरचना भएकोलाई प्राथमिकता दिइने। <br>• गाउँपालिकाले आफ्नो जग्गामा नर्सरी संरचना प्रचलित ऐन, कानून अनुसार निर्माण गरेर सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ। | • कार्यालयले लागत अनुमान गरी अधिकतम ८५ प्रतिशत। |
| २१. | मिनिकिट वितरण कार्यक्रम | • तरकारी, खाद्यान्न, दलहन, तेलहन इत्यादि बालीहरुको उन्नत जातका बीउहरु खरिद गरी वितरण गरिने, <br>• दुई बालीहरुको प्रविधि प्रदर्शन तथा परिक्षण गरिने, <br>• अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन। | • कृषक/कृषि फर्म/ कृषक समूह/सहकारी/ सहभागी हुने, <br>• तरकारी बालीको लागि कम्तिमा आधा रोपनी र अन्य बालीहरुको हकमा १ रोपनी क्षेत्रफलमा मिनिकिटबाट प्राप्त बीउ रोप्नका लागि जग्गा भएको हुनुपर्ने, <br>• गाउँपालिकाले आफ्नो जग्गामा नवप्रवर्तन बाली तथा जातहरुको नतिजा तथा तरिका प्रर्दशन एवं परिक्षण गर्न सक्नेछ। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी निःशुल्क वितरण गर्ने। |
| २२. | गडयौला मल उत्पादन कार्यक्रम | • गडयौला मल उत्पादनका लागि भौतिक संरचना निर्माण, <br>• गडयौला मलका लागि व्यवसायीक खेति गरिदै | • कृषक/कृषि फर्म/ कृषक समूह/सहकारी/सहभागी हुने, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | आएका गड्यौलाका जातहरु खरिद, ढुवानी व्यवस्थापन,<br>• गड्यौला मल उत्पादनका लागि Intercultural operation कार्यहरु,<br>• गड्यौला मल उत्पादन सम्बन्धी तालिम<br>• अनुगमन, मूल्याङ्कन र प्रतिवेदन। | | अधिकतम ९० प्रतिशत। |
| २३. | सामुदायिक विद्यालय कृषि कार्यक्रम | • गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा तरकारी, करेसावारी, माटो तथा मल व्यवस्थापन, फलफूल, फूल, नर्सरी सम्बन्धी, रैथाने बाली, कुखुरापालन, दुधबाट उत्पादित परिकारहरु निर्माण, साना यन्त्र उपकरणहरु, प्रविधि प्रदर्शन, च्याउ खेती, मौरीपालन, पोष्ट हार्भेट तथा खाद्य विविधिकरण, बाली संरक्षण कार्यहरु इत्यादी कार्यक्रमहरु सञ्चालन गरिने,<br>• तालिम, गोष्ठी तथा क्षमता विकास कार्यक्रम,<br>• प्रविधि प्रदर्शन तथा परिक्षण,<br>• अनुगमन तथा मूल्याङ्कन। | • गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरु यस कार्यक्रममा सहभागि हुने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी अधिकतम ९० प्रतिशत। |
| २४. | बाँझो जमीनमा कृषि उत्पादन प्रोत्साहन कार्यक्रम | • गाउँपालिका भित्रका बाँझो जमिनमा खाद्यन्न, फलफूल, फूल, तरकारी बालीहरुको उत्पादन, बजारीकरण,<br>• माटो व्यवस्थापन, साना सिंचाई, तथा बाली संरक्षण,<br>• अनुगमन तथा मूल्याङ्कन। | • विगत ३ वर्ष देखि बाँझो जमिन भएको कृषक/कृषि फर्म/ कृषक समूह/सहकारी/ सहभागी हुने, | • लागत अनुमान स्वीकृत गरी कुल लागतको अधिकतम ७५ प्रतिशत। |
| २५. | मागमा आधारित अन्य कृषि कार्यक्रम | • कृषकहरुको मागको आधारमा दफा (५) उपदफा (१) देखि (२४) सम्मका कार्यक्रम वाहेकका कृषि सम्बन्धी अन्य | • कृषक/कृषि फर्म/ कृषक समूह/सहकारी/ सहभागी हुने, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | कार्यक्रमहरु छनौट गरी कार्यपालिकाबाट स्वीकृत भए बमोजिम सञ्चालन गरिने। | | अधिकतम ५० प्रतिशत। |

६) **<u>पशुपन्छी विकास कार्यक्रमको विवरण:</u>** बार्षिक कार्यक्रम तथा बजेटको अधिनमा रहि देहाय बमोजिमका कार्यक्रमहरु कार्यालयबाट सञ्चालन हुनेछन।

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| १. | घुम्ती पशु स्वास्थ्य शिविर कार्यक्रम | • औषधी खरिद तथा उपचार, खोप, परजिवी नियन्त्रण, गर्भ परिक्षण, थुनेलो परिक्षण, गोवर परिक्षण, वन्ध्याकरण, प्रजनन् विकृती उपचार आदि,<br>• प्रचार प्रसार तथा अभिमूखिकरण,<br>• प्रस्तुतिकरण तथा जनचेतना कार्यक्रम,<br>• यातायात, दैनिक/बैठक भत्ता, खाना/खाजा खर्च, तथा अन्य व्यवस्थापन खर्च,<br>• अभिलेखिकरण र प्रतिवेदन। | • शिविर कम्तीमा १ स्थानमा १ दिन सञ्चालन गर्नुपर्ने,<br>• शिविर सञ्चालन गर्ने स्थानको छनौट पशु सेवा शाखाले प्राविधिक सम्भाव्यता र आवश्यकताको आधारमा गर्ने,<br>• शिविर सञ्चालन कार्यालय आफै गर्ने वा अन्य निकायका विज्ञको समन्वयमा गर्न सक्ने, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी निःशुल्क सञ्चालन गर्ने। |
| २. | डोर टु डोर पशु बाँझोपन निवारण सेवा | • औषधी, हर्मोन, मिनरल, भिटामिन, सिथ, ग्लोब, एप्रोन, सिरिन्ज, निडिल, लगायत अन्य सामाग्री/उपकरणहरु खरिद एवं लजिस्टीक नतिजा मापन रिपोर्टिङ्ग जस्ता क्रियाकलापहरु गर्ने,<br>• विषय विज्ञ जनशक्तिको लागि समन्वय गर्ने,<br>• कार्यक्रम सञ्चालनमा प्राविधिक र विषय विज्ञको लागि दैनिक भ्रमण खर्च, यातायात, खाना/खाजा खर्च तथा व्यवस्थापन खर्च। | • कार्यालयले संघ/प्रदेश मातहतका कार्यालयमा विषय विज्ञको सेवा लिई कार्यक्रम सञ्चालन गर्ने,<br>• आवश्यकता अनुसारको स्थान छनौट गरी पशुहरुको बाँझोपन परिक्षण तथा निवारण सेवा उपलब्ध गराउनु पर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी निःशुल्क सेवा सञ्चालन गर्ने। |
| ३. | पशुपन्छी औषधी/ | • आवश्यक पशुपन्छी, मत्स्य औषधीहरु, भिटामिनहरु, | • कम्तिमा पशुपन्छी तथा मत्स्य पालन गरेको हुनुपर्ने, | • कार्यालयले वार्षिक स्वीकृत |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | उपकरण वितरण कार्यक्रम | खनिजहरु, खोप, औजार, उपकरण खरिद तथा वितरण<br>• पशुपन्छी तथा मत्स्यको उपचार सेवा,<br>• पशु वन्ध्याकरण र कृत्रिम गर्भाधानका लागि आवश्यक उपकरणहरु खरिद। | • नागरिकहरुले फर्म दर्ता प्रमाणपत्र वा परिचय खुल्ने कागजात सहित निवेदन दिनुपर्ने। | कार्यक्रम अनुसार लागत अनुमान स्वीकृत गरी निःशुल्क सञ्चालन गर्ने। |
| ४. | सामुदायिक तथा घरपालुवा कुकुरहरुमा वन्ध्याकरण कार्यक्रम | • कार्यक्रम सञ्चालन दैनिक भ्रमण खर्च, इन्धन, यातायात, औषधी तथा लजिष्टिक, वाह्य विज्ञ आदिको लागत अनुमान स्वीकृत गर्ने,<br>• व्यवस्थापन खर्च,<br>• अभिलेखिकरण र प्रतिवेदन | • गाउँपालिका भित्रका संघ/संस्था सरोकारवालाहरुसँग समन्वय गरी वन्ध्याकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• विज्ञ पशु चिकित्सक (वाह्य विज्ञ) सेवा लिन सकिने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी निःशुल्क सञ्चालन गर्ने। |
| ५. | भेडा/बाख्रा प्रवर्द्धन कार्यक्रम | • टहरा/खोर निर्माण, Dipping Tank खरिद/निर्माण तथा जडान<br>• नश्लसुधार,<br>• मासु उत्पादन तथा भण्डारण,<br>• आहारा तथा खानेपानी व्यवस्थापन<br>• मेसिनरी औजार<br>• औषधी/उपचार तथा खोप<br>• जैविक सुरक्षा<br>• अनुगमन तथा मूल्याङ्कन | • कृषक/कृषि/पशु फर्म/ कृषक समूह/ सहकारी/ सहभागी हुने,<br>• कृषक/फर्मको हकमा कम्तीमा १० ओटा र कृषक समूह/सहकारीको हकमा कम्तीमा १०० ओटा माउ भेडा/बाख्रा पालन गरेको हुनुपर्ने। | • पूर्वाधार र नश्लसुधारमा अधिकतम ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत। |
| ६. | बंगुर प्रवर्द्धन कार्यक्रम | • खोर निर्माण/सुधार<br>• नश्लसुधार<br>• पोषणयुक्त आहारा व्यवस्थापन,<br>• मेसिनरी औजार<br>• औषधी/उपचार तथा खोप<br>• जैविक सुरक्षा<br>• मासु उत्पादन तथा भण्डारण<br>• अनुगमन तथा मूल्याङ्कन | • कृषक/कृषि/पशु फर्म/ कृषक समूह/ सहकारी/ सहभागी हुने,<br>• कृषक/फर्मको हकमा कम्तीमा ३ ओटा र कृषक समूह/सहकारीको हकमा कम्तीमा २० ओटा बंगुर पालन गरेको हुनुपर्ने। | • पूर्वाधार र नश्लसुधारमा अधिकतम ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत। |
| ७. | पशु आहारा तथा पोषण कार्यक्रम | • वर्षे/हिउँदे महिनामा लगाउने एक वर्षे, बहु वर्षे भुँई तथा | • कृषक/कृषि/पशु फर्म/ कृषक समूह/ सहकारी/ सहभागी हुने, | • कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | डाले घाँसको बीउ/बेर्ना खरिद वितरण<br>• हे, साइलेज निर्माण सम्बन्धी सम्पूर्ण कार्यहरु।<br>• अनुगमन तथा मूल्याङ्कन। | • कृषक/फर्मको हकमा कम्तीमा २ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा २० रोपनी क्षेत्रफलमा खेती गर्दै आएको हुनुपर्ने। | अनुसार लागत अनुमान स्वीकृत गरी अधिकतम १०० प्रतिशत।<br>• पूर्वाधार निर्माण तथा मेशिनरी खरिदको लागि अधिकतम ७५ प्रतिशत। |
| ८. | गाई/भैंसी प्रवर्द्धन कार्यक्रम | • गोठ निर्माण/सुधार,<br>• भकारो सुधार,<br>• नश्लसुधार,<br>• उन्नत घाँस खेती,<br>• मेसिनरी औजार,<br>• औषधी/उपचार तथा खोप,<br>• जैविक सुरक्षा,<br>• अनुगमन तथा मूल्याङ्कन। | • कृषक/फर्मको हकमा कम्तीमा २ ओटा र कृषक समूह/सहकारीको हकमा कम्तीमा २० ओटा गाई/भैंसी पालन गरेको हुनुपर्ने। | • पूर्वाधार र नश्लसुधारमा अधिकतम ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत। |
| ९. | मत्स्य प्रवर्द्धन कार्यक्रम | • माछा पोखरी निर्माण/मर्मत<br>• उत्पादन सामाग्री तथा भुरा खरिद,<br>• माछा पोखरी व्यवस्थापन,<br>• एरिएटर, Submersible Pump, सोलार पम्प, इलेक्ट्रिक मोटर, पम्प सेट, पेलेट मेसिन, फिडर मेसिन तथा अन्य मत्स्य व्यवसायमा प्रयोग हुने मेशिनरी/यन्त्र/उपकरण खरिद तथा जडान,<br>• भण्डारण, प्याकेजिङ र बजारीकरण। | • कृषक/फर्मको हकमा कम्तीमा आधा रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा ५ रोपनी क्षेत्रफलमा माछापालन गरेको हुनुपर्ने। | • पूर्वाधार निर्माण/मर्मत अधिकतम ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत। |
| १०. | दुग्ध संकलन केन्द्र स्थापना/व्यवस्थापन | • दुग्ध संकलन केन्द्र स्थापनाको लागि संरचना निर्माण,<br>• चिलिङ भ्याट, जेनेरेटर, Stainless Steel मिल्क क्यान, मिल्क एनालाईजर, डि फ्रिज, | • दुध संकलन तथा व्यवस्थापन अन्तर्गत दुग्ध उत्पादक दर्तावाला फर्म/ समूह/ सहकारीले कार्यक्रम सञ्चालन गर्ने। | • निजीको हकमा अधिकतम ५० प्रतिशत र सामुदायिकको हकमा |

<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रम</th><th>क्रियाकलापहरु</th><th>मापदण्ड</th><th>खर्च सिमा</th></tr>
<tr><td></td><td></td><td>प्रशोधन उपकरण लगायत अन्य दुधको गुणस्तर मापनका सामाग्रीहरु</td><td></td><td>अधिकतम ७५ प्रतिशत।</td></tr>
<tr><td>११.</td><td>पोषण सुधार कार्यक्रम</td><td>• खोर गोठ सुधार वा निर्माण,<br>• पशु आहारा व्यवस्थापन,<br>• उच्च नश्लका बोका, बंगुर पाठापाठी तथा कुखुरा चल्ला वितरण,<br>• तरकारी तथा पोषणयुक्त खाद्यबालीहरुको बीउ विजन र फलफूलहरुको बेर्ना वितरण,<br>• दाना पानी भाडा,<br>• प्राङ्गारीक खाद्यतत्व व्यवस्थापन,<br>• बाली संरक्षण कार्यक्रम,<br>• मौरी तथा च्याउ सम्बन्धी,<br>• साना यन्त्र उपकरण,<br>• अभिमुखिकरण तथा तालिम,<br>• औषधी उपचार र परिजीवि नियन्त्रण।</td><td>• गाउँपालिकाले सरोकारवालाको समन्वयमा विपन्न समुदाय/दलित/एकल महिला /गर्भवती तथा सुत्केरी महिला/अपाङ्ग व्यक्तिहरुलाई प्राथामिकतामा राखि नागरिक छनौट गर्ने,<br>• यस भन्दा अघि कार्यक्रममा सहभागी नभएकाहरुलाई प्राथामिकता दिने,<br>• एक नागरिकलाई एक मात्र कार्यक्रममा सहभागी गराउने।</td><td>• कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार लागत अनुमान स्वीकृत गरी अधिकतम १०० प्रतिशत।</td></tr>
<tr><td>१२.</td><td>कुखुरा पालन व्यवसाय प्रवर्द्धन कार्यक्रम</td><td>• खोर निर्माण/सुधार<br>• उन्नत जातका चल्ला वितरण<br>• आहारा व्यवस्थापन<br>• मेसिनरी, औजार, उपकरण<br>• औषधी/उपचार तथा खोप<br>• जैविक सुरक्षा,<br>• मासु उत्पादन तथा भण्डारण<br>• अनुगमन तथा मूल्याङ्कन</td><td>• कृषक/कृषि/पशु फर्म/ कृषक समूह/ सहकारी/ सहभागी हुने,<br>• एक लटमा तपसिल अनुसारको कुखुरा पालन गरेको हुनुपर्नेः<table><tr><th>क्र.स.</th><th>जात</th><th>न्यूनतम संख्या</th></tr><tr><td>१.</td><td>लोकल</td><td>१००</td></tr><tr><td>२.</td><td>वोईलर</td><td>२००</td></tr><tr><td>३.</td><td>लेयर्स</td><td>१००</td></tr><tr><td>४.</td><td>अन्य</td><td>५०</td></tr></table></td><td>• पूर्वाधार अधिकतम ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत ।</td></tr>
</table>

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| १३. | कृषक क्षमता विकास कार्यक्रम | • मागमा आधारित पशुपन्छी तथा मत्स्य सम्बन्धी र अन्य तालिम सञ्चालन,<br>• आवश्यक तालिम सामाग्रीहरु (ब्यानर, स्टेश्नरी, प्राविधिक सामाग्रीहरु इत्यादी) खरिद तथा वितरण,<br>• प्रविधि हस्तान्तरण,<br>• प्रशिक्षक भत्ता, खाना/खाजा, यातायात तथा आवसीय तालिम व्यवस्थापन<br>• अनुगमन तथा मूल्याङ्कन। | • मागमा आधारीत तालिम स्थल तथा शिर्षक छनौट गर्नुपर्ने,<br>• कम्तिमा १५ जना कृषकहरुको उपस्थिति हुनुपर्ने<br>• आन्तरिक तथा वाह्य आवसिय तालिम सञ्चालन गर्न सकिने,<br>• तालिम समयावधि आवश्यकता अनुसार। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी निःशुल्क सञ्चालन गर्ने,<br>• गाउँपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि अनुसार खर्च गर्नुपर्ने। |
| १४. | भकारो सुधार कार्यक्रम | • भकारो सुधार सम्बन्धी पूर्वाधार निर्माण<br>• भकारो सुधारका लागि आवश्यक औजार, उपकरण तथा सामाग्री व्यवस्थापन<br>• भकारो सुधार सम्बन्धी जनचेतना, अभिमुखिकरण तथा तालिम कार्यक्रम,<br>• अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन। | • कृषक/कृषि/पशु फर्म/ कृषक समूह/ सहकारी/ सहभागी हुने,<br>• भकारो सुधार कार्यक्रममा सहभागी हुन कम्तिमा २ ओटा गाई/भैंसी पालन गरेको हुनुपर्ने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी अधिकतम ५० प्रतिशत। |
| १५. | कृषक अध्ययन अवलोकन भ्रमण | • कृषि तथा पशुपन्छी सम्बन्धी सरकारी अनुसन्धान केन्द्रहरु, फार्महरु, कार्यालयहरु अध्ययन अवलोकन,<br>• निजि व्यवसायिक कृषि तथा पशुपन्छी फर्म केन्द्रहरु अध्ययन अवलोकन,<br>• कृषकहरु तथा प्राविधिकहरुलाई दैनिक भत्ता, खाना/खाजा, यातायात व्यवस्थापन,<br>• अध्ययन अवलोकन प्रतिवेदन। | • कार्यालयले प्रत्येक वडाबाट २ जना कृषि तर्फ र २ जना पशुपन्छी तर्फ गरी जम्मा २८ जना व्यवसायिक अगुवा कृषकहरु लाई छनौट गर्ने,<br>• भ्रमण जाने स्थानहरुको भ्रमण सुरु हुनु अगावै कार्यतालिका पेश गरी स्वीकृत गर्ने।<br>• कृषकहरुलाई प्रति दिन रु १०००/- दैनिक भत्ता उपलब्ध गराउन सकिनेछ,<br>• भ्रमणमा छनौट भएका कृषकहरुका लागि यातायात | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने। |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | | तथा खाजा खर्च व्यवस्थापन गर्ने।<br>• भ्रमण अवधि अधिकतम ७ दिनसम्म। | |
| १६. | लक्षित समुदाय विशेष कार्यक्रम | • लक्षित समुदाय (एकल महिला/दलित/सिमान्तकृत/ विपन्न वर्ग /भूमिहिन/वैदेशिक रोजगार बाट फर्केका युवा/एकल पुरुष/विशेष क्षमता भएका) हरुलाई मौसम अनुसार तरकारी/ खाद्यान्न/ दलहन/ तेलहन/ फलफूल/ मसलाबाली / पुष्प खेती/पशुपन्छी/मत्स्य सम्वन्धी उत्पादन सामाग्रीहरु खरिद गरी वितरण,<br>• बाली/वस्तु/पशुपन्छी/मत्स्य उत्पादन प्रशोधन बजारीकरण सम्बन्धी कार्य,<br>• साना पूर्वाधार तथा उपकरणहरु (प्लाष्टिक टनेल, नर्सरी, स्प्रेयर, बाली व्यवस्थापन, औजार उपकरणहरु) खरिद,<br>• तालिम तथा जनचेतना। | • कार्यालयले लक्षित समुदाय हरुलाई वडा कार्यालयको समन्वयमा लाभग्राही छनौट गर्ने,<br>• लक्षित समुदायमा कम्तीमा १५ जनाको समूह बनाई कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• सहुलियत नपाएकाहरुलाई प्राथमिकता दिने। | • कार्यालयले लागत अनुमान स्वीकृत गरी अधिकतम १०० प्रतिशत। |
| १७. | मेला, दिवस, प्रदर्शनी सञ्चालन तथा सहभागी | • कृषि तथा पशुपन्छी सम्बन्धी मेला/दिवस/महोत्सव/प्रदर्शनी /फेस्टीवल/विज्ञ सम्मेलन सञ्चालन गर्ने तथा सहभागीका लागि सवारी साधन भाडा, इन्धन, सजावट सामाग्री, प्रचारप्रसार तथा सूचना प्रवाह, छपाई, व्यानर, पोष्टर लगायतका अन्य सामग्रीहरु, प्रदर्शनको लागि स्टल निर्माण,<br>• नवप्रवर्तन प्रविधिहरुको प्रदर्शन तथा परिक्षण, | • कृषि तथा पशुपन्छी सम्बन्धी मेला/दिवस/महोत्सव/प्रदर्शनी /फेस्टीवल/विज्ञ सम्मेलन सरोकारवालाहरुको समन्वयमा वा कार्यालयले सञ्चालन गर्ने,<br>• कृषि तथा पशुपन्छी सम्बन्धी नवप्रवर्तन प्रविधिहरुको तरीका तथा नतिजा प्रदर्शन तथा परिक्षण,<br>• कार्यक्रममा प्रचार प्रसार तथा सूचना प्रवाहको लागि चेतनामूलक पोष्टर, पम्पलेट, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी सञ्चालन गर्ने।<br>• उत्कृष्ट कृषि तर्फ ७ जना र पशुपालन तर्फ ७ जना गरी जम्मा १४ जनालाई जननी रु १०/१० हजार नगद |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| | | • व्यवस्थापन, उत्कृष्ट कृषक पुरस्कार र सम्मान, अन्तरक्रिया गोष्ठी, प्राविधिक कार्यपत्र तयारी र प्रस्तुति, खाना/खाजा खर्च जस्ता क्रियाकलाप सञ्चालन गर्न सकिने,<br>• अनुगमन तथा मूल्याङ्कन। | व्यानर, ब्रोसर छपाई, स्टल सजावट र व्यवस्थापन गर्ने।<br>• उत्कृष्ट कृषक पुरस्कारका लागि गाउँपालिकाका प्राविधिकहरु, विषय विज्ञहरु, कार्यपालिका सहितको टोलिले छनौट तथा निर्णय गर्ने। | पुरस्कार प्रदान गर्न सक्ने। |
| १८. | पशु सुत्केरी स्याहार प्रोत्साहन कार्यक्रम | • गाउँपालिका भित्र कृत्रिम गर्भाधान (AI) गरेका गाई/भैंसी/बाख्रा/वंगुर र सो बाट जन्मेका पाँडापाँडी/बाच्छाबाच्छी/पाठापाठी हरुलाई प्रोत्साहन स्वरुप सुत्केरी स्याहार खर्च रकम उपलब्ध गराउने,<br>• अनुगमन तथा मूल्याङ्कन। | • यस कार्यक्रममा सहभागी हुन गाई/भैंसी/बाख्रा/वंगुरमा कृत्रिम गर्भाधान (AI) गरेको अनुसूची ८ बमोजिमको विवरण पत्र हुनुपर्ने,<br>• कृषक/कृषि फर्म/ कृषक समूह/सहकारी/ सहभागी हुने,<br>• यस कार्यक्रममा एक व्यक्तिले गाई/भैंसी/बाख्रा/वंगुर मध्ये कुनै एक पशुवस्तुमा वर्षको एक पटक मात्र सुविधा पाउने। | • कार्यालयले निर्णय गरी अधिकतम रु. १०,००० प्रोत्साहन रकम उपलब्ध गराउने। |
| १९. | पशुपन्छी वधशाला तथा मासु व्यवस्थापन | • पशुपन्छी वधशाला निर्माण,<br>• पशु वधशाला र मासु जाँच सम्बन्धी संघीय कानुन बमोजिमका कार्यहरु सञ्चालन गर्ने गराउने,<br>• पशुपन्छी वधशालाको लागि आवश्यक सामाग्रीहरु खरिद,<br>• तालिम तथा अभिमूखिकरण<br>• विज्ञ जनशक्ति व्यवस्थापन,<br>• अनुगमन तथा मूल्याङ्कन, | • व्यवसायीक फर्म दर्ता गरी सञ्चालन गरेको,<br>• संघ र प्रदेश सरकारको समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिने। | • पूर्वाधार निर्माणको लागि ७५ प्रतिशत र आवश्यक सामाग्री खरिदको लागि ५० प्रतिशत। |

| क्र.स. | कार्यक्रम | क्रियाकलापहरु | मापदण्ड | खर्च सिमा |
|---|---|---|---|---|
| २०. | मागमा आधारित अन्य पशुपन्छी कार्यक्रम | • कृषकहरुको मागको आधारमा दफा (६) उपदफा (१) देखि (१९) सम्मका कार्यक्रम वाहेकका पशुपन्छी सम्बन्धी अन्य कार्यक्रमहरु छनौट गरी कार्यपालिकाको निर्णय अनुसार सञ्चालन गरिने। | • कृषक/कृषि फर्म/ कृषक समूह/सहकारी/ सहभागी हुने, | • कार्यालयले लागत अनुमान स्वीकृत गरी अधिकतम ५० प्रतिशत सम्म। |

## परिच्छेद ४
## कार्यक्रम सञ्चालन प्रक्रिया

७. **प्रस्ताव माग:** कार्यालयले कम्तीमा १५ दिनको म्याद राखि अनुसूची १ बमोजिमको ढाँचामा आवेदनको लागि सूचना प्रकाशन गर्ने छ। उक्त सूचना गाउँपालिकाको वेवसाइट लगायतका सञ्चार माध्यमहरु र सवै वडा कार्यालयहरुको सूचना पाटीमा टाँस गर्नुपर्नेछ।

८. **प्रस्तावना पेश:** दफा ७ बमोजिमका सूचना अनुसार दफा ५ र ६ मा उल्लेखित कार्यक्रमहरुमा आवेदकले तपसिल बमोजिमका कागजातहरु सहित कार्यालयमा आवेदन पेश गर्नुपर्नेछ।

आवश्यक कागजातहरु:

१. अनुसूची २ बमोजिमको आवेदन फाराम।
२. अनुसूची ३ बमोजिमको प्रस्ताव फाराम ।
३. अनुसूची ४ बमोजिम विगत २ वर्ष देखि दोहोरो अनुदान नलिएको स्वःघोषणापत्र।
४. नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्र/कृषक परिचयपत्र प्रमाणपत्रको प्रतिलिपी ।
५. स्थानीय तह वा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित)।
६. भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र।
७. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र।

८. जग्गाधनी लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र।

९. <u>प्रस्ताव मूल्याङ्कन र सिफारीसः</u>

(१) दफा ८ बमोजिम पेश भएका प्रस्तावहरुमा संलग्न कागजातहरुको अध्ययन एवं मूल्याङ्कन गरी प्रारम्भिक छनौट गर्नेछ।

(२) प्रारम्भिक छनौट भएका प्रस्तावहरुको स्थलगत प्रमाणिकरण, मूल्याङ्कन, छनौट र सिफारीस गर्नका लागि तपसिल बमोजिमको कार्यक्रम मूल्याङ्कन तथा छनौट समितिले अनूसूची ५ बमोजिमको प्रस्ताव मूल्याङ्कनको आधारमा कार्यक्रम स्वीकृतीको लागि सिफारीस गर्नेछ। त्यसरी स्वीकृत गर्दा सम्भव भए सम्म वैकल्पिक नागरिकहरु समेत समावेश सूची तयार गर्नुपर्नेछ।

<u>मूल्याङ्कन तथा छनौट समितिः</u>

| | |
|---|---|
| आर्थिक विकास समितिको संयोजक | संयोजक |
| पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| सामाजिक विकास समिति संयोजक | सदस्य |
| कृषि विकास/पशु सेवा शाखा प्राविधिक कर्मचारी | सदस्य |
| कृषि विकास/पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिम मूल्याङ्कन तथा छनौट समितिमा कृषि विकास कार्यक्रम भएमा कृषि विकास शाखा प्रमुख सदस्य सचिव र पशु सेवा शाखाको प्राविधिक कर्मचारी सदस्य हुनेछ। त्यस्तै पशु सेवा सम्बन्धी कार्यक्रम भएमा पशु सेवा शाखा प्रमुख सदस्य सचिव र कृषि विकास शाखाको प्राविधिक कर्मचारी सदस्य हुनेछ। साथै मूल्याङ्कन तथा छनौट समितिले आवश्यकता अनुसार सरोकारवाला व्यक्तित्वहरुलाई आमन्त्रित गर्न सक्नेछन्।

(४) यसरी छनौट भएका प्रस्तावहरु मूल्याङ्कन तथा छनौट समितिले गाउँपालिकाको आर्थिक विकास समितिमा वा आवश्यक परेको खण्डमा कार्यपालिका वा गाउँसभामा निर्णयका लागि पेश गर्नेछ। छनौट गरिएको प्रस्तावहरु निर्णय भईसकेपछि प्रमुख प्रशासकीय अधिकृत मार्फत लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१०. <u>सम्झौता प्रक्रियाः</u>

(१) छनौट भएका आवेदकहरुलाई कम्तिमा ७ दिनको म्याद दिई सम्झौताको लागि सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौताका लागि आव्हान गरिएका नागरिकले पेश गरेको क्रियाकलाप र कार्ययोजना कार्यालयले छलफलका आधारमा आवश्यक संसोधन सहित अनुसूची ६ बमोजिमको ढाँचामा सम्झौता गरी सम्बन्धित आवेदकलाई कार्यादेश दिनुपर्नेछ।

(३) छनौट भएका आवेदकहरु तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा कार्यालयले तयार गरेको प्राथमिकता क्रमका आधारमा वैकल्पिक आवेदकसँग सम्झौताको लागि सूचित गरिनेछ। उक्त वैकल्पिक सूचीबाट समेत कार्यक्रम सञ्चालन गर्न संभव नभएमा पुनः सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद ५
## भुक्तानी प्रक्रिया तथा लेखा परिक्षण

**११. भुक्तानी प्रक्रियाः**

(१) कार्यालय र नागरिकले कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्नेछ र पूर्वाधार निर्माण कार्यहरुको हकमा लागत अनुमान तथा नापी किताव बनाउनु पर्नेछ।

(२) नागरिकले सम्झौतामा भएको कार्ययोजना अनुसार सक्कल विल, भरपाई, खर्च सार्वजानिक र कार्य प्रगति विवरण समेत संलग्न राखी सम्बन्धित वडा कार्यालयको सिफारीस सहित भुक्तानीको लागि माग गर्नुपर्नेछ।

(३) भुक्तानी माग भएपछि कार्यालयले कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि नागरिकको बैंक खाता मार्फत एकमुष्ट भुक्तानी गर्नेछ।

(४) पूर्वाधार निर्माण जस्ता पूँजीगत अनुदान खर्चमा नियमानुसार कन्टेन्जेन्सी कट्टी गरी भुक्तानी गरिनेछ।

(५) कार्यक्रमको भुक्तानी प्रक्रिया नियमानुसार सम्झौता तथा प्रचलित कानून बमोजिम हुनेछ।

**१२. लेखा तथा लेखापरीक्षणः**

(१) कार्यक्रमको लेखा कार्यालयले राख्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालयको हुनेछ।

## परिच्छेद ६
## विविध

**१३. अनुगमन तथा मूल्याङ्कनः**

(१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा कृषि विकास शाखा तथा पशु सेवा शाखाका कर्मचारीहरु एवं तपसिल बमोजिमको अनुगमन समितिले कार्यक्रम सञ्चालन सहजिकरण कार्यहरु तथा अनुगमन गर्नेछ।

तपसिलः

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष | संयोजक |

| | |
|---|---|
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. कार्यक्रम सञ्चालन भएको सम्बन्धित वडाका वडाध्यक्ष | सदस्य |
| ४. कृषि विकास/पशु सेवा शाखाको शाखा प्रमुख | सदस्य |
| ५. योजना शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) कार्यक्रम सञ्चालन सहजिकरण कार्यहरु तथा अनुगमन गर्नका लागि कृषि तथा पशुपन्छी विकास कार्यक्रमका लागि वार्षिक विनियोजित बजेटबाट अधिकतम दश प्रतिशतसम्म रकम छुट्याउन सकिनेछ। साथै कार्यक्रम सञ्चालन सहजिकरण कार्यहरु तथा अनुगमन गर्नका लागि सरोकारवाला व्यक्तित्वहरुलाई आमन्त्रित गर्न सक्नेछ।

(३) उपदफा (१) (४) कृषि विकास शाखाको कार्यक्रममा कृषि विकास शाखा प्रमुख सदस्य र पशु सेवा शाखाको कार्यक्रममा पशु सेवा शाखा प्रमुख सदस्य हुनेछ।

१४. <u>जवाफदेहीता तथा जिम्मेवारीः</u>

(१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही जिम्मेवार हुनेछ।

(३) अनुदानग्राही नागरिकहरुले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पूर्ण सदुपयोग एंव उपलब्धि लिने गरी दिगो रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

१५. <u>अन्यः कार्यक्रमहरूको सञ्चालनः</u>

(१) जैविक सुरक्षालाई ध्यान दिई वातावरण मैत्री रूपमा सञ्चालन गर्नु पर्नेछ ।

(२) सञ्चालन गरिने तालिम, गोष्ठी, समन्वय बैठक, मेला दिवस जस्ता कार्यक्रमको पृष्ठपोषण सहितको प्रतिवेदन बनाई गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) स्थायी संरचना निर्माण गर्दा एक रूपता कायम गर्न र लागत प्रभावकारी बनाउन सिफारिस भएको प्रविधिको आधार बमोजिम वा स्वीकृत मापदण्ड अनुसारको ढाँचा (डिजाइन) तथा लागत अनुमान अनुसार निर्माण गर्नु पर्नेछ ।

(४) नागरिकले अनुदानबाट स्थापना गरिएका संरचनाको मर्मत सम्भार लगायत सञ्चालन कार्यका लागि स्वयम् नागरिक जवाफदेही हुनेछ ।

(५) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा आर्थिक तथा वित्तिय अनुशासन सम्बन्धी प्रचलित कानूनहरुः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली, विनियोजन ऐन, आर्थिक कार्यविधि ऐन, वित्त व्यवस्थापन ऐन र सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको समेत पालना गर्नुपर्नेछ ।

१६. **सेवा सुविधाबाट वञ्चित गर्न सकिनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा कार्यालयले प्रचलित कानूनले तोके बमोजिम कारवाही प्रक्रिया अगाडि बढाइनेछ ।

१७. **संशोधनः** कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

१८. **बाधा अड्काउ फुकाउः**

यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

१९. **खारेजी र बचाउः**

(१) हरिनास गाउँपालिकाको कृषि अनुदान वितरण कार्यविधि, २०७७ र पहिलो संसोधन २०७९ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

## अनुसूचीहरु

## अनुसूची १

**(दफा ७ सँग सम्वन्धित)**

प्रस्ताव आह्वान सम्बन्धी सूचना

हरिनास गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चित्रेभञ्याङ्ग, स्याङ्जा

मितिः .....................

विषयः प्रस्ताव आह्वान सम्बन्धी सूचना।

यस गाउँपालिकाको आ. व. २०...../...../ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषक समुह/व्यावसायिक फर्म/समिति/कृषक सहकारी संस्थाको तर्फबाट दरखास्त आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले तपशिलका कागजात सहित .......... दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन दिनुपर्नेछ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित बजेट | कार्यक्रमको लक्ष्य | अनुदान प्रतिशत | न्यूनतम मापदण्ड | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

आवश्यक कागजातहरुः

१. अनुसूची २ बमोजिमको आवेदन फाराम।
२. अनुसूची ३ बमोजिमको प्रस्ताव फाराम ।
३. अनुसूची ४ बमोजिम विगत २ वर्ष देखि दोहोरो अनुदान नलिएको स्वःघोषणापत्र।
४. नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्र/कृषक परिचयपत्र प्रमाणपत्रको प्रतिलिपी ।
५. स्थानीय तह वा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित) ।
६. भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र।
७. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र।
८. जग्गाधनी लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र।

## अनुसूची २

**(दफा ८ सँग सम्वन्धित)**

कार्यक्रम सञ्चालनका लागि आवेदन

मिति :...................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हरिनास गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
चित्रेभञ्ज्याङ्ग, स्याङ्जा ।

विषयः ........................................................................।

प्रस्तुत विषयमा हरिनास गाउँपालिकाको कृषि/पशु शाखाबाट मिति........................ गते सूचना प्रकाशित भए अनुसार.................................................................................कार्यक्रम सञ्चालनका लागि सूचनामा उल्लेखित कागजातहरु संलग्न गरी यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**निवेदकः**

संलग्न कागजातहरुः

१. अनुसूची ३ बमोजिमको प्रस्ताव फाराम ।
२. अनुसूची ४ बमोजिम विगत २ वर्ष देखि दोहोरो अनुदान नलिएको स्वःघोषणापत्र।
३. नेपाली नागरिकता/राष्ट्रिय परिचयपत्र/कृषक परिचयपत्र प्रमाणपत्रको प्रतिलिपी ।
४. स्थानीय तह वा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित) ।
५. भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र।
६. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र।
७. जग्गाधनी लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र।

## अनुसूची ३

(दफा ८ सँग सम्वन्धित)

# व्यवसायीक परियोजना प्रस्तावना ढाँचा

(१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| आवेदकको नागरिकता नम्बर | |
| आवेदकको बाबुको नाम | |
| आवेदकको आमाको नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम | |
| मोबाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| गाउँपालिकाबाट माग गरेको कूल अनुदान रकम (नेरु) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थावाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

(२) प्रस्तावनाको औचित्य तथ महत्त्वः

- 
- 
- 
- 
- 

तालिकाः ................................................ हालको व्यवसायको अवस्था

| क्र.सं. | हालको अवस्था | व्यवसायको आकार | वार्षिक उत्पादन | वार्षिक कुल अनुमानित आम्दानी | रोजगारीको सिर्जना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

(३) अपेक्षित उपलब्धिहरु र वार्षिक उत्पादन विवरण

- ✓ ...............................................
- ✓ ...............................................
- ✓ ...............................................
- ✓ ...............................................

(४) परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलाप विवरण | एकाई | परिमाण | | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|---|
| | | | हालको | नयाँ | थप गर्ने | जम्मा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(५) फर्मले साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमको अवधिः

(६) बजारीकरण योजनाः

(७) परियोजनाको वातावरणीय प्रभावः

हस्ताक्षरः

नाम थरः.........................................

ठेगानाः...........................................

सम्पर्क नं.......................................

संस्थाको छापः

<u>अनुसूची ४</u>

**(दफा ८ सँग सम्वन्धित)**

दोहोरो अनुदान नलिएको स्वःघोषणा

मिति :.......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
हरिनास गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
चित्रेभञ्ज्याङ्ग, स्याङ्जा ।

विषयः दोहोरो अनुदान नलिएको स्वःघोषणा।

हरिनास गाउँपालिका कृषि विकास शाखा/पशु सेवा शाखाको आर्थिक वर्ष २०......../........ को स्वीकृत वार्षिक कार्यक्रमका लागि उपलब्ध गरिने रकम/सामग्री/उपकरण/अन्य वस्तु लिन इच्छुक रहेकोले विगत २ वर्ष देखि दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह वा अन्य निकायबाट उपलब्ध गरिएको रकम/सामग्री/उपकरण/अन्य वस्तु मैले/हामीले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको स्वःघोषणा गर्दछु।

यदि मैले नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट उपलब्ध गरिने रकम/सामग्री /उपकरण/अन्य वस्तु विगत २ वर्ष भित्रमा लिएको प्रमाणित भएमा मेरो वा हाम्रो वा संस्था वा समूह वा सहकारी वा कम्पनीको सम्पत्तिबाट नियमानुसार व्यक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन।

हस्ताक्षरः

| दायाँ | बाँया |
|---|---|
| | |

नाम थरः........................................

ठेगानाः..........................................

सम्पर्क नं......................................

नागरिकता/राष्ट्रिय परिचयपत्र नं ..................................

संस्थाको छापः

<u>अनुसूची ५</u>

**(दफा ९ को उपदफा (२) सँग सम्वन्धित)**

कार्यक्रम सञ्चालनका लागि लाभग्राही छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थानमा भौतिक पूर्वाधारको उपलब्धता | १५ | | • बिद्युत, सडक र सिंचाई सुविधा भएको-१५<br>• बिद्युत र सडक सुविधा भएको-१२<br>• सडक र सिंचाई भएको-१०<br>• सिंचाईको उपलब्धता भएको-७ |
| २. | भौगोलिक/प्राविधिक उपयुक्तता | १० | | • प्रस्तावित बाली/वस्तु व्यवसायिक रुपमा कम्तिमा ३ बर्ष अघिबाट खेती/पालन गरेको-१०<br>• नयाँ प्रस्ताव-७ |
| ३. | उत्पादित वस्तुको बजार योजना | १५ | | • आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको)-१५<br>• उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने तर आफ्नै आउटलेट नभएको-१२<br>• सम्झौता पनि नभएको, अनौपचारिक बजारीकरण भएको-१० |
| ४. | आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता | १५ | | • आफ्नै (व्यक्ति/संस्था) नगद ब्यालेन्स रहेको-१५<br>• वित्तिय संस्थाबाट ऋण लिने-१०<br>• समुदायमा संकलन गरी जुटाउने-८<br>• लगानी क्षमता नभएको- ० |
| ५. | तालिम प्राप्त प्राविधिक जनशक्ति तथा अनुभव | ५ | | • अध्ययन/तालिम/बैदेशिक रोजगारीका वखत सम्बन्धित काम गरेको-५<br>• विगत ३ बर्ष देखि सम्बन्धित उद्धेश्य सहितको संस्था दर्ता गरी कार्य सञ्चालन गरेको-३<br>• नभएको-१ |

| | | | | |
|---|---|---|---|---|
| ६. | रोजगारी सृजना | १५ | | • ५ जना भन्दा बढी रोजगारी दिने-१५<br>• ३-५ जना सम्म रोजगारी दिने-१०<br>• ३ जना भन्दा कम व्यक्तिलाई रोजगारी दिने-७ |
| ७. | वातावरणीय प्रभाव व्यवस्थापन | ५ | | • सरसफाई व्यवस्थापन गर्ने व्यवस्था रहेको-५<br>• सरसफाई व्यवस्थापन गर्ने प्रस्ताव गरेको-३<br>• वातावरणमा नकारात्मक असर नपार्ने -१ |
| ८. | खेती गरिएको जमिनको क्षेत्रफल (तोकीएको मापदण्ड भन्दा बढि जमिन भएको खण्डमा) | ५ | | • ५ रोपनी भन्दा बढी क्षेत्रफलमा खेति भएको-५<br>• ३-५ रोपनी सम्म क्षेत्रफलमा खेति भएको-३<br>• न्यूनतम मापदण्डको क्षेत्रफलमा खेती गरीएको- २ |
| ९. | अनुदानमा पहुँच | ५ | | • हालसम्म अनुदान प्राप्त नगरेको-५<br>• २ वर्ष भन्दा अगाडि अनुदान प्राप्त गरेको-३<br>• २ वर्ष भित्र अनुदान प्राप्त गरेको-० |
| १०. | व्यवसाय विस्तार | ५ | | • व्यवसाय विस्तार गरिने क्रियाकलाप व्यावसायिक योजनामा समावेश भएको-५<br>• व्यवसाय विस्तार गरिने क्रियाकलाप व्यवसायिक योजनामा समावेश नगरेको-१ |
| ११. | समावेशीता | ५ | | • दलित समुदाय/एकल महिला/विशेष क्षमता भएका भएमा-५<br>• आदिवासी जनजाती/विपन्न वर्ग भएमा-४<br>• अन्य समुदाय-३ |
| | जम्मा | १०० | | |
| नोटः मूल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंग प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र प्राथमिकिकरण सूचीको आधारमा छनोट गर्न सकिनेछ। मूल्याङ्कनका आधारहरु आवश्यकता अनुसार छनौट समितिले थपघट गर्न सक्नेछ। | | | | |

<u>अनुसूची ६</u>

(दफा १० सँग सम्वन्धित)

<u>सम्झौता</u>

हरिनास गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय चित्रेभञ्ज्याङ्ग, स्याङ्जा (यस पछाडि प्रथम पक्ष भनिने) र हरिनास गाउँपालिका वडा नं ......... मा अवस्थित/सञ्चालित ............................................................. फर्म/संस्था/समूह/सहकारी का संचालक/कृषक श्री ..................................................... (यस पछि दोस्रो पक्ष भनिने) बीच ............................................................................... कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा मिति............................. गते गरिएको सम्झौता पत्र।

सम्झौताका सर्तहरु :

१. यो कार्यक्रम मिति ................................ देखि सुरू भई मिति .................................. सम्ममा सम्पन्न गरि सक्नु पर्नेछ।
२. कार्यक्रम सञ्चालन गर्ने क्रममा कार्यालयबाट सञ्चालन गर्नुपर्ने खालका प्राविधिक तथा पूर्ण अनुदानका कार्यक्रमहरु कार्यालयले सञ्चालन गर्नेछ ।
३. कार्यक्रमको विनियोजित भएको रकम रु ....................... अक्षरेपी .................................................. बाहेकको बाँकी रकम रु......................... अक्षरेपी......................................................... दोस्रो पक्षले नगद वा लागत सहभागिता जुटाउनु पर्नेछ। विनियोजन भएको कुल रकममा नियमानुसार कर कट्टी गरि भुक्तानी हुनेछ ।
४. दोश्रो पक्षले कार्यान्वयन गर्ने गरी पेश गरेको स्वीकृत कार्यक्रम प्रस्ताव अनुसार समयमै सम्पन्न गरी सो सँग सम्बन्धित खर्चका प्रमाणित बिल भरपाई समूह / सहकारी / समितिको हकमा भेला संचालक समितिबाट खर्च अनुमोदन गरी कार्यक्रमसँग सम्बन्धीत फोटो, उपस्थिति, वडा कार्यालयको सिफारिस, प्रगति प्रतिवेदन, लगायत खर्च प्रमाणित गर्ने सहायक कागजातहरु पेश गरी कार्यक्रम फछ्र्यौट गरिनेछ ।
५. कार्यक्रम फरफारक गरी अन्तिम भुक्तानी लिन चाहिने कागजातहरु पेश गर्नु दोश्रो पक्षको कर्तव्य हुनेछ । समयमा तोकिएका कगजातहरु सहित भुक्तानी माग नभएमा पहिलो पक्ष सम्झौता अनुसारको रकम भुक्तानी गर्न वाध्य हुने छैन ।
६. कार्यक्रमलाई वडास्तर र गाउँपालिकाको तर्फबाट अनिवार्य अनुगमन गरिनेछ । अनुगमनको क्रममा सम्झौता अनुरुपको कार्य नभएको पाईएमा प्रथम पक्षले विनियोजन भएको रकम भुक्तानी गर्न बाध्य हुने छैन।
७. कार्यक्रम सञ्चालनको सन्दर्भमा अवरोध सृजना भएमा दुवै पक्षको सहमतिबाट समाधान खोजि विवादको निरुपण गरिनेछ ।
८. यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान दोस्रो पक्षले दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा कार्यालयले उपलब्ध गराइएको अनुदान रकम असुल उपर गरी सोही बराबरको रकम जरिवाना गराइनेछ।
९. कृषि/पशु विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा पेश भएको विल भरपाईहरुको खर्च रकम, जग्गाको कित्ता विवरण, जग्गाको बाटो/सडक मापदण्ड र कृषि/पशुपन्छी पूर्वाधार निर्माण कार्यहरू सम्पन्न भएपछीको सम्पूर्ण जिम्मेवारी तथा दायित्व दोस्रो पक्षको हुनेछ।
१०. यस सम्झौता वाहेकका अन्य कुराहरुको हकमा प्रचलित ऐन/कानून अनुसार हुनेछ ।

<u>प्रथम पक्षको तर्फबाटः</u>

नामः

पदः

हस्ताक्षरः

<u>दोस्रो पक्षको तर्फबाट</u>

नामः

ठेगानाः

ना.प्र./रा.प.नं.:

सम्पर्क नं.:

हस्ताक्षरः

<u>रोहबरः</u>

**अनुसूची ६.१**

(दफा १० सँग सम्बन्धित)

**कार्यदेश**

हरिनास गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

चित्रेभञ्ज्याङ्ग, स्याङ्जा

मितिः.....................

विषयः कार्यदेश दिइएको बारे।

श्री..................................................ज्यू,

....................................................फर्म/समूह/सहकारी,

हरिनास गाउँपालिका, वडा नं. ...........।

प्रस्तुत विषयमा यस हरिनास गाउँपालिका कृषि/पशु शाखाको आ.व. ................... को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मिति ....................... गते प्रकाशित सूचना बमोजिम ........................................................................ कार्यक्रमको लागि छनौट हुनुभएकोमा मिति................................ गतेको सम्झौता पत्रमा उल्लेख गरिएको कार्ययोजनाहरुको कार्य सम्पन्न गर्न कार्यदेश दिइएको छ। नियमानुसार समयमा नै कार्यक्रम सम्पन्न गर्नु/गराउन हुन अनुरोध छ।

..................................

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री ......... नं. वडा कार्यालय, हरिनास गाउँपालिका; आवश्यक सहजिकरण गरिदिनुहुन।

श्री आर्थिक प्रशासन शाखा, हरिनास गाउँपालिका।

## अनुसूची ७

**(दफा ५ उपदफा ८ सँग सम्वन्धित)**

हरिनास गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
चित्रेभञ्ज्याङ्ग, स्याङ्जा

स्वायल हेल्थ कार्ड

दर्ता नं. .....................  माटो जाँच मितिः ................................

कृषकको नामः .......................................................  खेत/बारीः ........................................

ठेगानाः स्याङ्जा जिल्ला हरिनास गाउँपालिका वडा नं............  टोल/गाउँ ........................................

समुन्द्र सतह देखिको उचाईः................................... मिटर  कृषकको सम्पर्क नं...............................

नमूना लिएको स्थानको अक्षाशं र देशान्तरः............................................................................................

| क्र.सं. | विवरण | परीक्षण नतिजा | विश्लेषण | सिफारिस |
|---|---|---|---|---|
| १ | अर्गानिक कार्वन (OC) % | | | |
| २ | पि.एच. (pH) | | | |
| ३ | नाईट्रोजन (kg/ha) | | | |
| ४ | फस्फोरस (kg/ha) | | | |
| ५ | पोटासियम (kg/ha) | | | |
| ६ | इलेक्टिभ कन्डक्टिभिटी (EC) % | | | |
| ७ | कपर | | | |
| ८ | जिंक | | | |
| ९ | सल्फर | | | |
| १० | बोरोन | | | |
| ११ | म्याङ्गनिज | | | |
| १२ | आईरन | | | |
| १३ | चुनाको आवश्यकता परिक्षण | | | |
| १४ | जिप्सनको आवश्यकता परिक्षण | | | |

नतिजा तथा विश्लेषणको आधारमा गरिएको अन्य सिफारिसः

...............................
कृषि विकास शाखा

**<u>अनुसूची ८</u>**

**(दफा ६ उपदफा १८ सँग सम्बन्धित)**

हरिनास गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
चित्रेभञ्ज्याङ्ग, स्याङ्जा

**कृत्रिम गर्भाधान (AI) विवरण पत्र**

दर्ता नं. ..................... दर्ता मितिः .....................................

कृषकको नामः .................................................... टोल/गाउँ.......................................

ठेगानाः स्याङ्जा जिल्ला हरिनास गाउँपालिका वडा नं............ कृषकको सम्पर्क नं.............................

गाई/भैंसी/बाख्रा/वंगुर को जात/साइज/रंग..........................................................................

पशुको उमेरः.................................... पशुको वेत संख्याः.............................

पछिल्लो पटक पशु व्याएको मितिः................................ दुध उत्पादन लि.:................ प्रति दिन

कृत्रिम गर्भाधान कर्ताको नाम र फोन नं.............................................................................

पशुवस्तुको विवरणः

| क्र. सं. | विवरण | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक |
|---|---|---|---|---|
| १ | पशु हिटमा आएको मिति/समय | | | |
| २ | कृत्रिम गर्भाधान गरेको मिति/समय | | | |

...............................
पशु सेवा शाखा

आज्ञाले
शिव कुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत